# भोजपुर जिल्ला अदालत
## भोजपुर

फोन नं. ०२९-४२०१९५, ४२०७
फ्याक्स ०२९-४२०३
Email: infodcbhojpur@dcourt.gov
Website : supremecourt.gov.np

पत्र संख्याः २०७३/०७४
चलानी नं. :-

मिति २०७४/०४/१७

**विषयः- दण्ड जरिवाना छुट सम्वन्धि अत्यन्त जरुरी सूचना ।**

विभिन्न अदालतबाट विभिन्न मितिमा भएको अन्तिम फैसलाबमोजिम यस अदालतम लगत कायम रही असुल हुन बाँकि रहेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी आदिक बाँकि बक्यौता बुझाउन ल्याउनु हुन सम्वन्धित लगतवाला व्यक्तिहरुका लागी यो सूचन प्रकाशन गरिएको छ । दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी आदिको बाँकि बक्यौत भएका लगतवाला व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मिति देखि तपसिलमा उल्लिखि अवधी भित्र बाँकि बक्यौता रहेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी बुझाउन ल्याएम जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ बमोजिम निम्नबमोजिम छुट हुने भएका सम्वन्धित सबैको जानकारीको लागी यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

(१) एक महिना भित्र बुझाउन ल्याऐमा १५ प्रतिशत छुट हुने ।
(२) दुई महिना भित्र बुझाउन ल्याएमा १३ प्रतिशत छुट हुने ।
(३) तिन महिना भित्र बुझाउन ल्याएमा ११ प्रतिशत छुट हुने ।
(४) चार महिना भित्र बुझाउन ल्याएमा ९ प्रतिशत छुट हुने ।
(५) पाँच महिना भित्र बुझाउन ल्याएमा ७ प्रतिशत छुट हुने ।
(६) छ महिना भित्र बुझाउन ल्याएमा ५ प्रतिशत छुट हुने ।

(विष्णुप्रसाद दाहाल)
तहसिलदार

तहसिलदार